दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३०८ | बुटवल | २०८१ कार्तिक ३०, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Nov.15, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## नेपालको बिजुली शुक्रबारदेखि बंगलादेशमा निर्यात

**लुम्बिनी संवाददाता**
*काठमाडौं*

नेपालको बिजुली शुक्रबारदेखि बंगलादेशमा निर्यात हुने भएको छ।

भारतको केन्द्रीय विद्युत् नियमन आयोग (सीईआरसी) ले नेपाललाई बंगलादेशमा विद्युत् निर्यात गर्न अनुमति दिएसंगै शुक्रबारदेखि नेपालको बिजुली बंगलादेशमा निर्यात हुन लागेको हो।

नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता चन्दन घोषले शुक्रबार मध्याह्न १२:४५ बजेबाट ४० मेगावाट विद्युत् निर्यात हुने जानकारी दिए। तर, यो याममा एक दिनमात्र निर्यात हुने उनले बताए।

यसअघि भारतको सीईआरसीले अनुमति नदिएपछि नेपालबाट बंगलादेश विद्युत् निर्यात योजना अनिश्चित बनेको थियो। नेपालबाट भारतको बाटो हुँदै ४० मेगावाट विद्युत् बंगलादेश निर्यात गर्ने विषयमा तीन देशका कम्पनीबीच १७ असोजमा सम्झौता भएको थियो।

विद्युत् निर्यात गर्न भारतको सीईआरसीको अनुमति आवश्यक पर्ने सम्झौतामै उल्लेख छ। सुरुमा १६ कात्तिकदेखि विद्युत् निर्यात गर्ने मौखिक सहमति तीन देशका कम्पनीबीच भएको थियो। त्यसबेलासम्म सीईआरसी अनुमति प्राप्त नभएपछि त्यसलाई सारेर २३ कात्तिक शुक्रबारदेखि निर्यात सुरु गर्ने योजना बनेको थियो।

त्रीदेशीय सम्झौतामा नेपालले १५ जुनदेखि १५ नोभेम्बरसम्म ४० मेगावाट विद्युत बंगलादेश निर्यात गर्ने छ। ऊर्जामन्त्री दीपक खड्काले भारत भ्रमणका बेला बंगलादेश विद्युत् निर्यात अनुमति दिने विषयमा भारतीय विद्युतमन्त्री मनोहरलाल खट्टरसँग छलफल गरेका थिए।

» *बाँकी ३ पेजमा*

## पशुपति गौशालामा मारवाडीको दावी पुग्दैन : अदालत

बुटवल। पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको पशुपति गौशाला धर्मशालामा मारवाडी सेवा समितिको कुनै दाबी नपुग्ने फैसला जिल्ला अदालत काठमाडौंले गरेको छ।

न्यायाधीश कमलप्रसाद पोखरेलको इजलासले पशुपतिनाथ धर्मशालामा कुनै मोही नभएको ठहर गर्दै गौशालाको धर्मशालामा मारवाडी सेवा समितिले असीमित समय उपभोगका लागि दाबी गर्न नसक्ने व्याख्या गरेको हो।

फैसलामा धार्मिक कामका लागि सम्झौता गरेर लिएको जग्गा व्यापारिक प्रयोजनमा उपयोग भएको र त्यसरी व्यापारिक लाभबाट आर्जित रकमबाट पशुपति क्षेत्र विकास कोष वञ्चित भएको औंल्याइएको छ।

त्यस्तो अवस्थामा पशुपति क्षेत्र विकास कोषले मारवाडी सेवा समितिसँग क्षतिपूर्ति समेत माग्नसक्ने फैसलामा उल्लेख छ। जिल्ला अदालतको यो निर्णयसँगै पशुपति क्षेत्र विकास कोषलाई गौशालास्थित धर्मशाला खाली गराउने बाटो खुलेको छ भने काठमाडौं महानगरपालिकाले पनि धर्मशालाभित्र नक्सापास नगरी बनाइएका संरचना भत्काउने बाटो खुलेको छ।

विश्वसम्पदा सूचीमा रहेको पशुपति क्षेत्रभित्रको जग्गा उपयोग र संरक्षणको विषयमा सार्वजनिक सरोकार रहेको भन्दै जिल्ला अदालतले पूर्णपाठमा भनेको छ, 'महत्वपूर्ण स्थानको जग्गा तथा संरचनाहरूको संरक्षण गर्नुपर्ने पदाधिकारीले पूर्ण जवाफदेही एवं पारदर्शी ढंगले व्यवस्था गर्नुपर्ने हुन्छ।'

कुनै सम्झौताबिना पशुपतिको जग्गा उपभोग भएकोमा प्रश्न उठेपछि ९ जेठ २०६० मा अमालकोट कचहरी (पशुपति क्षेत्र विकास कोष) र मारवाडी सेवा समितिबिच एक सम्झौता भएको थियो।

» *बाँकी ३ पेजमा*

# रविसँग २३ घण्टा सवालजवाफ : ७४ प्रश्नमा इन्कारी बयान






**मोहम्मद हबिब**
*भैरहवा*

रवि लामिछानेको विरुद्धमा परेको सहकारी ठगीसम्बन्धी कसुरमा रुपन्देहीको भैरहवामा मंगलबारबाट सुरु भएको बयान बिहीबार राती ८ बजे सकिएको छ। सहकारी ठगी, सङ्गठित अपराध तथा सम्पत्ति शुद्धीकरणको मुद्दामा पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति तथा पूर्व गृहमन्त्री रवि लामिछानेमाथि लागेको कसुर सम्बन्धमा २३ घण्टा बढी बयान भएको हो। बयानको क्रममा सोधिएको ७४ वटा सवालको जवाफ सहज रुपमा दिएको जिल्ला सरकारी वकिलको कार्यालयका प्रमुख न्यायधिवक्ता प्रेमराज पौडेलले बताए। 'सोधिएको सवालको सबै जवाफ उहाँले सहज रुपमा नै दिनुभएको छ। अनुसन्धान अधिकारीले थप अनुसन्धान गरी अरु सम्बन्धितसँग बयान लिई कागजात संकलन गरि प्रतिवेदन तयार हुन्छ। सो प्रतिवेदन पेश गरेपपछि मुद्दा चल्ने नचल्ने वा कुन कुन शीर्षकमा मुद्दा चल्ने भन्ने विषय बाँकी रहेको छ।'-उनले भने।

पौडेलले मुलुकी फौजदारी कार्याव्यवस्थाको दफा १६ मा अनुसन्धान अधिकारीले सरकारी वकिल समक्ष बयान लिने व्यवस्था अनुरुप बयान लिनका लागि यहाँ अनुसन्धान अधिकारीले उपस्थित गराएका बताउँदै प्रतिवेदनमा अनुसन्धान पूरा भएको नदेखिएको अवस्थामा थप अनुसन्धान गर्नु परेमा वा मुद्दाको बिचमा थप बयान लिनुपर्ने देखिएकोमा थप बयान लिन सक्ने व्यवस्था पनि रहेको बताए। त्यो कानुन टेकेर अवस्था हेरेर बयान फेरि पनि लिन सकिने व्यवस्था रहेको उनले जानकारी दिए।

जिल्ला प्रहरी कार्यालयमा रहेका लामिछानेलाई मंगलबार पहिलो दिन प्रारम्भिक बयान ३ घण्टा ३५ मिनेट बयान लिएको थियो त्यस्तै दोस्रो दिन बिहान सवा १० बजे देखि सवा ७ बजेसम्म ९ घण्टा बयान भए पनि सवाल जवाफ नसकिएकोले बिहीबार बयानको अन्तिम टुङ्गो लगाउने गरी साढे १० बजेबाट बयान सुरु गरी राती ८ बजेसम्म बयान लिएको छ।

उनीविरुद्ध परेको सहकारी ठगीविरुद्धको कसुरमा रहेर नै सवाल जवाफ भएका छन्, उनको सहमतिमा नै सहज रुपमा जवाफ आएको र हालको लागि रुपन्देहीमा बयान सकिएको सरकारी वकिलको कार्यालयल जानकारी दिएको छ। सरकारी वकिलको कार्यालयमा ठूलो संख्यामा प्रहरी अधिकृतहरु नै खटिएर प्रहरीको घेरामा नै बयान कक्ष सम्म पुऱ्याइएको थियो। मंगलबार बयानपछि बाहिर निस्कने क्रममा सरकारी वकिलको कार्यालय परिसरमै 'खोरमा बाघलाई थुन्दैमा स्याल हुँदैन' भन्ने प्रतिक्रिया दिएपछि प्रशासनलाई चुनौती थपिएको छ। केही बोलिहाल्छन् की भन्ने डरले लामिछानेलाई छेकेर सरकारी वाकिलको कार्यालय र हिरासतसम्मको यात्रा भइरहेको छ। दर्जनौ नेपाल प्रहरी र सशस्त्र प्रहरीको घेरामा मात्रै उन्को यात्रा भइरहेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी रंजित सिंह राठौरले रवि लामिछानेको बयान ढिलो सकिएकोले पोखरा लैजान बिहीबार राती सम्भव नभएकोले जिल्ला प्रहरी कार्यालयमा राखिएको बताए। उनलाई शुक्रबार पोखरा पठाउने तयारी रहेको छ।

पोखरा र रुपन्देहीमा एकै प्रकृतिको कसुर भए पनि जिल्ला र संस्था फरक-फरक भएकाले हरेक जिल्लामा लामिछानेविरुद्ध छुट्टाछुट्टै मुद्दा दर्ता हुने छ। जति जिल्लामा उजुरी दर्ता हुन्छ, त्यहींको कागजात र प्रमाणअनुसार नै प्रक्रिया अघि बढ्ने हो, एकै प्रकृतिको कसुरमा एकै चरणमा अनुसन्धान भए पनि गाभ्न मिल्दैन।

स्थानअनुसार प्रमाण फरक-फरक हुन सक्ने भएकाले मुद्दा गाभ्न नमिल्ने उनको भनाइ छ। अहिलेसम्म पक्राउ अनुमति लिइएका र अनुसन्धान गर्नुपर्ने देखिएका अन्य व्यक्तिहरूविरुद्ध पनि रूपन्देही जिल्ला अदालतमा मुद्दा दर्ता गर्ने तयारी रहेको छ।

जिल्ला न्यायाधिवक्ता प्रेमराज पौडेल, इलाका प्रहरी कार्यालय बुटवलका डीएसपी विजयराज पण्डित, जिल्ला प्रहरी कार्यालयका अनुसन्धान अधिकारीहरुलगायतको उपस्थितिमा बयान भएको छ।

यस अघि सोही कसुरमा छविलाल जोशीसँग पनि वयान लिएको थियो। छविसँग ५६ सवाल जवाफ भएको थियो।

रास्वपाका कार्यकर्ताहरुले लामिछाने रुपन्देही आएदेखि नै उनको समर्थनमा विरोध प्रदर्शन गरेका छन्। बिहीबार पनि रास्वपाले रुपन्देहीमा मोटरसाइकल ऱ्याली गरी नारबाजी गरेका थिए।

पोखराको सूर्य दर्शन सहकारीको रकम हिनामिनामा संलग्न रहेको आरोपमा पक्राउ परेका लामिछानेमाथि बुटवलमा रहेको सुप्रिम सहकारीको रकम समेत हिनामिनामा संलग्न रहेको आरोप छ। जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा रहेका उनलाई सूर्यदर्शन सहकारीमा अनुसन्धान सकिएकाले सुप्रिमका लागि रवि लामिछानेलाई मंगलबार रुपन्देही ल्याइएको हो।

रुपन्देही जिल्ला अदालतले रवि लामिछाने र छविलाल जोशीसहित १२ जनाविरुद्ध यसअघि नै पक्राउ पूर्जी जारी गरिसकेको छ। प्रहरीले बुटवलस्थित सुप्रिम ऋण तथा बचत सहकारी संस्थाको १४ करोड २९ लाख रुपैयाँ गोर्खा मिडिया नेटवर्क प्रालिमा लगेर खर्च गरेको कसुरमा अनुसन्धान गरिरहेको छ। बुटवलस्थित सुप्रिम सहकारीबाट एक करोड ९६ लाख रवि लामिछानेकै नाममा र १४ करोड २९ लाख रुपैयाँ विभिन्न व्यक्तिमार्फत् गोर्खा मिडिया नेटवर्कमा पुगेको संसदीय छानबिन विशेष समिति र प्रहरीको प्रतिवेदनमा उल्लेख छ।

## बुटवल- नारायणगढ सडक छिटो पूरा गर्न माग गर्दै तीन जिल्लाका जनप्रतिनिधिको प्रधानमन्त्रीलाई ज्ञापनपत्र



**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवल- नारायणगढ सडकखण्ड क्षेत्रमा पर्ने जिल्लाका जनप्रतिनिधिहरुले निर्माण कार्यमा लापरबाही भएको भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यानाकर्षण गराएका छन्। रुपन्देही, पश्चिम नवलपरासी र पूर्वी नवलपरासीका जनप्रतिनिधिहरुले बिहीबार प्रधानमन्त्री ओलीसँगको भेटमा ध्यानाकर्षण गराएका हुन्।

सडक विस्तारको जिम्मेवारी पाएको चाइनास्टेट कम्पनीले काममा ढिलासुस्ती गर्दा यात्रु, चालक र सडक किनारका बस्तीका बासिन्दाले सास्ती खेप्नु परेको उनीहरुको भनाइ छ।

'सम्बन्धित ठेकेदार कम्पनीको लापरवाहीका कारण सडकको अवस्था अस्तव्यस्त रहनाले यात्रा गर्ने यात्रुहरुले निकै सास्ती भोग्नुपरेको तथा सडक छिमेकीले समेत प्रदूषित वातावरण भोग्नुपरेको अवस्था छ,' प्रधानमन्त्रीलाई बुझाइएको ध्यानाकर्षण पत्रमा लेखिएको छ-'निर्माण कार्यमा तीव्रता ल्याउन सम्बन्धित जिम्मेवार पक्षलाई कडा निर्देशन होस्।'

सडक विस्तारको जिम्मा चिनियाँ ठेकेदारले लिएको छ। तर काममा ढिलासुस्ती गरेको भन्दै आलोचना हुँदै आएको छ। प्रधानमन्त्री ओली चीन भ्रमणमा जानुअघि तीन जिल्लाका प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, सम्बन्धित जिल्ला समन्वय समितिका प्रमुख र पालिका प्रमुखसहितको टोलीले ध्यानाकर्षण पत्र बुझाएको हो। ध्यानाकर्षण पत्र पश्चिम नवलपरासीका जिल्ला समन्वय समिति प्रमुख भगौती यादव रुदलले प्रधानमन्त्री ओलीलाई बुझाएका थिए।

प्रधानमन्त्रीसँगको छलफलमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, भूमि व्यवस्था तथा सहकारीमन्त्री बलराम अधिकारी, भौतिक मन्त्रालयका सचिव केशव शर्मा समेत सहभागी थिए।

भौतिक पूर्वाधारमन्त्री दाहालले निर्माण कम्पनीलाई पटकपटक ताकेता गर्दा पनि काम सुरु हुन नसकेको र आउँदो डिसेम्बर अन्त्यसम्ममा काम सुरु गर्ने आश्वासन प्राप्त भएको जानकारी गराएका थिए।

चाइनास्टेट कम्पनीसँग उक्त सडकखण्ड २०७९ साउन २२ सम्ममा निर्माण सम्पन्न गर्ने गरी २०७५ चैत ८ गते ठेक्का सम्झौता भएको थियो। हालसम्म ४४ प्रतिशत भुक्तानी भइसकेको र ५२ प्रतिशत काम भएको जनाइएको छ।

जनप्रतिनिधिले ज्ञापनपत्र बुझाएपछि प्रधानमन्त्री ओलीले आउँदो मंसिरभित्र काम सुरु नभएमा ठेक्का तोड्ने चेतावनी दिएका छन्।

उनले सडक विस्तारमा भइरहेको ढिलाइका विषयमा छिट्टै टुङ्गोमा पुग्ने बताएका छन्। प्रधानमन्त्री ओलीले आउँदो मंसिरभित्र काम सुरु नभएमा बाध्यतावस ठेक्का तोड्नुको विकल्प नहुने बताएको उनको सचिवालयले जनाएको छ।

उनले विश्वसनीयरुपमा काम गर्छ भने जिम्मेवारी लिएको ठेकेदार कम्पनीलाई काम सुचारु गराउन उचित हुने जनाए।

चाइनास्टेट कम्पनीसँग उक्त सडक खण्ड २०७९ साउन २२ सम्ममा निर्माण सम्पन्न गर्ने गरी २०७५ चैत ८ गते ठेक्का सम्झौता भएको थियो। हालसम्म ४४ प्रतिशत भुक्तानी भइसकेको र ५२ प्रतिशत काम भएको जनाइएको छ।

जनप्रतिनिधिसँगको छलफलमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, भूमि व्यवस्था तथा सहकारीमन्त्री बलराम अधिकारी, भौतिक मन्त्रालयका सचिव केशव शर्मालगायत सहभागी थिए।

» *बाँकी ३ पेजमा*



# सम्पादकीय

## ठेक्का तोडेर अघि बढ्नु नै उत्तम

बुटवल-नारायणगढ सडकको निर्माणमा भइरहेको ढिलाइका बारेमा सडक खण्डमा पर्ने स्थानीय तहका जनप्रतिनिधिले सरकारको ध्यानाकर्षण गराएका छन् । सडक निर्माणको काम बेलैमा नसक्दाको सास्ती अहिले नारायणगढ-बुटवल खण्डमा यात्रा गर्ने यात्रु र चालकले व्यहोरेका छन् । सडकको धुलोले यात्रुलाई मात्रै नभई आसपासको बस्ती समेत प्रभावित भएका छन् । बेलैमा काम नसक्दाको असरलाई लिएर स्थानीय तहका जनप्रतिनिधिले संघीय सरकारको ध्यानाकर्षण गराउनु सकारात्मक छ ।

एशियाली विकास बैंकको ऋण सहयोगमा बन्न लागेको यो सडक चाइना स्टेट कम्पनीले २०७९ साउन २२ गतेसम्म सक्नेगरी २०७५ चैत ८ गते सुरु गरेको थियो । तोकिएको समयसीमा सकिएको दुई वर्ष बितिसकेको छ । निर्माण कम्पनी सडक निर्माण गर्न जिम्मेवार ढंगले प्रस्तुत भइरहेको छैन । भौतिक पूर्वाधार विकास मन्त्री देवेन्द्र दाहालले तिहार लगत्तै काम सुरु गर्न निर्देशन दिएको, तर काम सुरु नगरेको बरु उसले डिसेम्बरबाट काम सुरु गर्ने बताउँदै एसएमएस पठाएको प्रधानमन्त्रीलाई भेट्न गएका जनप्रतिनिधिसँग बताए । पटक–पटक गर्छु भन्ने, तर काम नगर्ने प्रवृत्तिबाट हैरान सरकारी अधिकारीहरु निर्माण कम्पनीको भनाइलाई विश्वास मान्न सकिरहेका छैनन् । निर्माण कम्पनीले काम नगर्दाको असर सरकारले आलोचना खेप्नुपरिरहेको छ । दातृ निकायबाट ऋण लिएर बनाउन लागिएको सडक बेलैमा बन्दा बहुआयामिक समस्या देखिन सक्छन् । नागरिकले व्यहोर्नुपरेको सास्ती त छँदैछ । दातृ निकाय पनि लगानीको प्रतिफल नआउँदा आगामी दिनमा लगानी गर्न तत्पर नहुन सक्छन् ।

नारायणगढ-बुटवल सडक खण्ड कुल १ सय १३ किमि हो । दाउन्नेको पाँच किमिमध्ये ३ सय मिटर भित्ता काट्न बाँकी छ । बजार क्षेत्रमा सर्भिस लेनसहित ६ लेन, दाउन्ने सडक खण्डमा तीन र अन्य क्षेत्रमा चार लेनको सडक निर्माण हुँदैछ । २२ वटा पुलको निर्माणमध्ये अधिकांश सकिएका छन्, केही बाँकी छन् । पहिले एकतर्फी कालोपत्रे गर्ने गरी आवागमनलाई सहज बनाउने त भनियो, तर सडक अलपत्र हुँदा संघीय सरकारको ध्यानाकर्षण गराएर स्थानीय तहका जनप्रतिनिधिले राम्रो गरेका छन् ।

निर्माण कम्पनीलाई गएको साउनसम्म म्याद थप गरेर सरकारले काम गर्न अवसर दिएको हो । अब छोटो समय दिएर काम गर्नका लागि आग्रह गर्ने र त्यो आग्रह स्वीकार नगरी बेवास्ता गरे ठेक्का तोड्नु नै उत्तम हो । नयाँ प्रक्रिया थाल्दा केही ढिलाइ होला, तर नयाँ निर्माण कम्पनीले काम गर्ने विश्वास गर्न सकिन्छ ।

# यो राज्य व्यवस्थाको विकल्पमा



विनबहादुर कुँवर

*वर्तमान यो राज्य व्यवस्थालाई जसले जे भने पनि खासमा यसको चरित्र र स्वरुप सामन्ती, दलाल र नोकरशाही बुर्जुवा नै छ । बाहिरी रुपमा केही लोकतान्त्रिक जस्तो देखाउन खोजे पनि सारमा अहिले पनि सामन्ती र दलाल पुँजीपति नै छ । रक्सी उही खाली बोत्तलको आकार मात्रै फरक छ । त्यसैले जो कुनै पनि यही राज्य सत्ताअन्तर्गत पार्टी खोले पनि वास्तवमा त्यो ढिलो चाँडो यस्तै सामन्ती, दलाल र नोकरशाही, बुर्जुवा, ठग, भ्रष्टाचारी र तस्करी नै बन्छ । जस्तो माथि भनिसकियो महरा, रायमाझी, खाँण अनि धनराज, ऋषिकेश र रवि अनि लिलाबल्लभ अधिकारीका उदाहरण ।*

नेपालमा अहिले लोकतान्त्रिक गणतन्त्रको साथै संघीयता पनि लागू भएको छ । वर्तमान चालु संविधान अनुरुप यो भनिए पनि खास व्यवहारमा यो भइरहेको छैन । अहिले पनि सरकार र यसअन्तर्गतका विभिन्न निकाय प्रशासन प्रहरी र सेना अनि दल र दल नेता कार्यकर्तामा त्यो भएको पाइँदैन । लोकतन्त्रको नाममा निरंकुशतन्त्र, गणतन्त्रको नाम परिवारतन्त्र अनि स्वतन्त्रताको नाममा छाडा र अराजकतन्त्र बढ्दो छ । हरेक दल व्यक्ति र आम जनमानसमा समेत यसको प्रभाव बढिरहेको छ । वर्तमान यो शासन व्यवस्था अर्थात् संसदीय राज्य व्यवस्था विश्वको लागि त्यति नयाँ व्यवस्था होइन । तर नेपालका लागि भने यो केही मात्रामा नयाँ नै छ । नयाँ यस अर्थमा कि समय अवधिका कारणले अर्थात् यसको थालनी २००७ सालबाट भए पनि २०१७ सालदेखि २०४६ सालसम्म देशमा सामन्ती निरंकुश र दरबारिया शाही शासन नै थियो ।

२०४६ सालपछि संवैधानिक राजतन्त्रअन्तर्गत यो व्यवस्थाको थालनी भयो । तर बेला मौकामा शाही दरबारिया हस्तक्षेपले गर्दा यसको अभ्यास पूर्ण रुपले भएन । पछिल्लो काल अर्थात् २०६० सालपछि त पूर्व राजा ज्ञानेन्द्रले यो राज्य व्यवस्थाको खिलापमा आफ्नो पुनः निरंकुशतन्त्रकै अभ्यासमा लागेका थिए । राजनीतिक दल सबैलाई पाखा लगाउँदै सम्पूर्ण शासनसत्ता आफैँमा केन्द्रित पारिसकेका थिए । त्यसपछि बल्ल दलीय नेताहरुको आँखा खुले । अनि मात्र माओवादीसहितको १२ बुँदे दिल्ली समझदारी पत्रमा सहमति जनाई ज्ञानेन्द्र शाहीको निरंकुशतन्त्रविरुद्ध २०६२/०६३ सालको जनआन्दोलनमा सक्रियता देखाएका थिए । त्यसमा पनि भारतीय शासकहरुको प्रत्यक्ष भूमिका थियो ।

१० वर्षे माओवादी जनयुद्धको बलमा २०६२/०६३ सालको संयुक्त जनआन्दोलनले निरंकुश राजतन्त्र अन्त्य गऱ्यो । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । तर पनि देश र जनताको मुहार बदलिन सकेन । दलीय किचलो र नेतृत्वको होडबाजी, पार्टी टुटफुट आदिले दल र दल नेताहरु देश र जनताको हितमा आ-आफ्नै गुट-उपगुट र परिवारतन्त्रमा नै केन्द्रित हुन पुगे । यसरी जनतामा दलीय वितृष्णा बढ्दै जान थाल्यो । पटक-पटक निर्वाचन भए, तर जनतामा त्यसको प्रभाव परेन । निर्वाचन किन र के-का लागि ? र भोट कुन पार्टी र नेतालाई दिने जनताले फरक नै छुट्याउन सकेनन् । दल नेता फरक फरक तर काम कारबाही सबैको एउटै । कसलाई जिताए के हुन्छ ? गर्ने यी सबैले राष्ट्रघाट र जनघात नै हो । यसरी नेपाली जनता यी सबै दल र दल नेताहरु प्रति वितृष्णा मात्रै होइन घृणा नै बढेर गइरहेको छ ।

यही जनताको वितृष्णा र घृणालाई भजाउँदै केही व्यक्तिले नयाँ दल पनि बनाए । सुरुसुरुमा कांग्रेस-एमाले र माओवादीप्रतिको वितृष्णालाई आफ्नो पोल्टामा हाल्न पनि सफल भए । जस्तो उदाहरण रवि लामिछानेको रास्वपा, सिके राउतको जनमत अनि रेशम चौधरीको पार्टी । तर अहिले यी सबै पार्टीको हालत पनि त्यस्तै मात्र होइन अझ बढी गन्याईसकेका छन् । रवि लामिछाने स्वयं नै सहकारी ठगीमा थुनिइसकेका छन् । सिके र रेशम समेत कांग्रेस- एमाले र माओवादीहरुको पिछलग्गु र उनीहरुले दिने गरेको पदीय एक चोक्टा मासुमा लुटपुटिन थालिसकेका छन् । यसरी अन्त्यमा हुँदाहुँदा जति साँधु आए पनि खरानी नै घसेका भने जस्तै यो व्यवस्थाअन्तर्गत यहाँ जति दल र दल नेताहरु आए पनि सबैको चाल खाली एउटै देश र जनताप्रतिको विश्वासघात र अपमान, मै खाउ मै लाउ । पद प्रतिष्ठा र कुर्सीकै लागि मरिहत्ते । भ्रष्टचार, कमिशन अनि ठगी र तस्करी मै तल्लिन । जुन कुरा अहिलेसम्म भएका विभिन्न घटनाक्रमले पुष्टि भएको छ ।

हिजो यस्ता काम राजा, पञ्चे र दरबारियाबाट हुने गर्दथ्यो । अहिले कांग्रेस-एमाले र माओवादी साथै नयाँ नामका नयाँ पार्टीहरुबाट हुने गरेको छ । माओवादीका कृष्णबहादुर महरा, एमालेका टोपबहादुर र कांग्रेसका बालकृष्ण खाँण र अहिले घण्टी पार्टीका रवि लामिछाने, कांग्रेसका धनराज गुरुङ, अनि एमालेका लिलावल्लभ अधिकारी र ऋषिकेश पोखरेल यस्तै काण्डमा मुछिइसकेका छन् । अझ लाजै नमानी जो चोर उसको ठूलो स्वर । रवि लामिछानेले आफूलाई सरकारले ठग बनाउन खोजे पनि आफू बाघ बनी जनतामा आउने गुड्डी हाँक्दैछ । निश्चय नै रवि अहिले बाघ त बाघ तर बाघको छाला ओढेका छट्टु स्याल भएको पुष्टि भइसकेको छ । अझ यस्तै ठगलाई केही घण्टी पार्टी नेताहरुले रवि लामिछाने जहाँ भए पनि बाचुन्जेल रास्वपाका सभापति नै भइरहने अचम्मको उद्घोष गरिरहेका छन् । राजाको छोरो राजा बाचुन्जेल हुने जस्तो यो भनाइले घण्टी पार्टीको वास्तविक पोल खुलेको छ । अब ढिलो चाँडो यो पार्टीले पनि पंचेहरुले राजा आउ देश बचाउँ भने जस्तै रवि आउ देश बचाउँ भन्ने छन् र भनिरहेका पनि छन् ।

वर्तमान यो राज्य व्यवस्थालाई जसले जे भने पनि खासमा यसको चरित्र र स्वरुप सामन्ती, दलाल र नोकरशाही बुर्जुवा नै छ । बाहिरी रुपमा केही लोकतान्त्रिक जस्तो देखाउन खोजे पनि सारमा अहिले पनि सामन्ती र दलाल पुँजीपति नै छ । रक्सी उही खाली बोत्तलको आकार मात्रै फरक छ । त्यसैले जो कुनै पनि यही राज्य सत्ताअन्तर्गत पार्टी खोले पनि वास्तवमा त्यो ढिलो चाँडो यस्तै सामन्ती, दलाल र नोकरशाही, बुर्जुवा, ठग, भ्रष्टाचारी र तस्करी नै बन्छ । जस्तो माथि भनिसकियो महरा, रायमाझी, खाँण अनि धनराज, ऋषिकेश र रवि अनि लिलाबल्लभ अधिकारीका उदाहरण । यिनीहरु मात्रै होइन यो सत्ता अन्तर भएका प्रधानमन्त्रीदेखि मन्त्री, सांसद अनि सबै अड्डा, अदालतका हाकिम कर्मचारी, दल नेता कार्यकर्ता सबै नै यस्तै नै छन् । एकआध व्यक्तिहरुको कुरा अर्कै हो ।

जस्तो प्रधानमन्त्री ओली झापास्थित गिरी बन्धु टि गार्डेन बेचबिखनमा डामिएका छन् । सर्वोच्च अदालतको फैसला नै यसको प्रमाण छ । माओवादीका अध्यक्ष प्रचण्ड क्यान्टेनमेन्टका माओवादी लडाकुको रासन भत्ता, बन्दोबन्दी र क्षतिपूर्ति बापतको अरबौं बराबरको रकम अपचलनमा डामिएका छन् । त्यस्तै पूर्व प्रधानमन्त्री बाबुराम भट्टराई र माधव नेपाल बालुवाटार सरकारी जमिन बेचबिखनको भ्रष्टाचारमा मुछिएका छन् । कांग्रेसी सभापति देउवा आफ्नै श्रीमती आरजु राणामार्फत् नक्कली भुटानी शरणार्थी प्रकरणमा प्रत्यक्ष जोडिइसकेका छन् । हुन पनि यी सबैको यो सत्ता हानथाप र लुछाचुँडी पनि यसैको लागि हो । सत्तामा कोही यस्तै भ्रष्टाचार, तस्करी, कमिशन, ठगीधन्दाका लागि मरिहत्ते गरिरहेका छन् भने कोही आफ्नो यस्तै धन्दालाई ढाकछोप गर्न अनेक षड्यन्त्र र देशी तथा विदेशीहरुको दलाली गरी सत्तामा जान मरिहत्ते गर्दैछन् । अहिले ओली-देउवा यसैगरी सत्तामा आए भने फेरि यस्तै धन्दालाई ढाकछोप गर्न र गराउन पुनः सत्तामा जान प्रचण्ड, माधव अनि रविहरु मरिहत्ते गर्दैछन् ।

तैपनि माओवादी अध्यक्ष प्रचण्ड अहिलेसम्म कांग्रेसी नेता देउवाको दलाली र चाकडी गरेर केही भइहाल्छ कि भन्नेमा थिए । तर अब त्यो हुने नदेखेपछि बल्ल अबको चौरासीसम्म सत्तामा गईन्न भन्दै फेरि आफ्ना कार्यकर्ता र जनतालाई भूलभुलैया पार्दै छन् । यतिसम्मकि आजसम्म कांग्रेस-एमालेको संगत गर्दा कता कता आफू पनि ओली-देउवा जस्तै भइसकेको दुखेसो र रोइलो गर्दैछन् । त्यही प्रचण्डको दुखेसो र रोइलोप्रति सहानुभूति दर्शाउँदै पुनः नेकपा विप्लव समूहहरु प्रचण्डको माके पार्टीमा विलय हुँदैछन् । आखिर प्रचण्ड छोडी वैद्य र वैद्य छोडी नेकपा विप्लव समूहको दुई वर्षे विद्रोह हुँदै अन्ततः घुम्दै फिर्दै फेरि रुम्जाटार ।

अन्त्यमा यो वर्तमान प्रतिक्रियावादी राज्य सत्ता र व्यवस्थाको मूल चरित्र र स्वरुपमाथि नै भनिसकियो । त्यस्तै यो व्यवस्थामा रही आएका पार्टी र त्यसका नेता कार्यकर्ताहरुको कुकार्यहरुको पनि बयान पनि गरिसकियो । त्यसैले जस्तो राज्य सत्ता र व्यवस्था त्यस्तै स्वरुप र चरित्र भए जस्तै यसमा आई गर्ने र हुने भनेको पनि त्यही हो । जस्तो हिजोका ती क्रान्तिकारी नेता यतिसम्मकि झापा विद्रोह र १० वर्षे माओवादी जनयुद्धका नेता सबै आज धमाधम सामन्ती, दलाल, ठग, भ्रष्टाचारी र तस्करीमा मुछिदै छन् । जबसम्म यस्तो राज्य व्यवस्था यहाँ रहिरहन्छ तब सम्म यो चलिरहन्छ । नयाँ-नयाँ रवि, नयाँ-नयाँ महरा, नयाँ-नयाँ धनराज र लिलाबल्लभ जन्मिरहन्छ । त्यसैले देश र जनताको आमूल परिवर्तन र समृद्धिका लागि यसको विकल्पमा नयाँ राज्य सत्ता र व्यवस्थाकै जरुरी छ ।

# मौसम परिवर्तन हुँदा किन बच्चाहरु बिरामी पर्छन् ?



अहिलेको मौसममा बच्चाहरु हप्तै पिच्छेजसो बिरामी परिरहन्छन् । बच्चाहरुलाई यो मौसममा कहिले ज्वरो आउने, खोकी लाग्ने, जिउ दुख्ने, खाना मन नगर्ने जस्ता समस्याले अभिभावकलाई हैरान हुन्छन् । अहिले धेरै बच्चाहरु बिरामी परिराख्नुको मुख्य कारण भनेको मौसम परिवर्तन हो ।

बच्चामा रोगसँग लड्न सक्ने क्षमतामा कमी हुने हुनाले बच्चाहरुलाई छिटो भाइरसले समात्ने गर्छ र धेरै बिरामी पर्ने गर्दछन् ।

यो मौसम परिवर्तन हुने समय भएकाले बच्चाहरुमा रुघाखोकी लाग्ने, शरीर दुख्ने, झाडा-पखाला लाग्ने, घाँटी दुख्ने जस्ता समस्याहरु देखा पर्नु सामान्य हो । मौसम परिवर्तन हुँदा शरीरको हार्मोन र रोगसँग लड्न सक्ने क्षमतामा कमी आउने हुँदा यस्ता समस्या देखिने गर्छन् ।

कात्तिक महिना लागिसक्यो र अब बिस्तारै जाडो बढ्दै जाने हुन्छ । यस्तो मौसममा शरीरको हार्मोन र रोगप्रतिरोधात्मक क्षमताको तालमेल नहुँदा भाइरसले समात्ने गर्छ । जसमा सबैभन्दा पीडित हुने भनेका बालबालिका हुन् ।

बच्चाहरुलाई भाइरसले छिटो समात्छ । अलि ठूला बच्चाहरुलाई त्यस्ता समस्याले दुःख दिँदा बाआमालाई भन्न सक्छन् तर बोली नफुटेका साना बच्चाहरु अर्थात् एक वर्ष भन्दा मुनिका बच्चाहरुले भन्न सक्दैनन् । उनीहरु झन्झट मान्ने, सुत्न नमान्ने, दूध नखाने, सास फेर्न गाह्रो हुने आदि लक्षण देखिन्छन् ।

यो मौसममा भाइरलले दुःख दिनुको मुख्य कारण भनेको बिहान र बेलुका मौसम चिसो हुन्छ तर दिउँसोको समयमा गर्मी हुन्छ जसले गर्दा शरीरबाट उत्पन्न हुने हार्मोन र रोगसँग लड्न सक्ने क्षमतापनि परिवर्तन भैराख्ने हुनाले बच्चाहरु बढी बिरामी हुन्छन् ।

यो मौसममा बच्चाको हेरचाहमा ध्यान दिइएन भने बच्चालाई निमोनिया समेत हुन सक्छ । मौसममा लाग्ने भाइरस कडा हुने भएकाले निको हुन एक हप्तासम्म लाग्ने गर्छ । त्यसैले औषधी खुवाए वा नुखवाए पनि घरेलु औषधि जस्तै नुनपानी, तुलसीको पत्ता, अदुवा, बेसार पकाएर खुवाउन सकिन्छ । यसले स्वास्थ्यमा निकै फाइदा पुग्ने गर्छ । तात्तातो झोलपदार्थ खुवाउनाले पनि फाइदा पुग्छ ।

हामीले भाइरसको संक्रमण हुन नदिन बच्चालाई दिनको एउटा अण्डा खुवाउने गर्नुपर्छ । साथमा दैनिक फलफूल तथा ताजा खानेकुरा खुवाउनु पर्छ । यसो गर्दा बच्चामा रोगसँग लड्न सक्ने क्षमतामा विकास हुन्छ ।

बच्चालाई तातो लुगा लगाइदिने गर्नुपर्छ । बेलुका सुत्ने बेलामा तातो दूध वा पानी खुवाएर सुताउने गर्नुपर्छ र बिहान उठेपछि पनि तातो दूध वा पानी खुवाउनुपर्छ । बच्चालाई तातो तेलले मालिस गर्नुपर्छ जसले गर्दा शरीरको रक्तसञ्चार राम्ररी सञ्चालन भएर रोगसँग लड्न सक्ने शक्तिको विकास हुन्छ ।

यस्तो अवस्थामा यदि बच्चा स्कुल जाने उमेरका छन् भने घरमा नै आराम गर्न लगाउनु पर्छ । यस्तो भाइरसको संक्रमण नहोस् भनेर हामीले रुघा खोकी लागेका मानिससँग नजिक जान दिनु हुँदैन ।

परिवारमा कसैलाई रुघा लागेको छ भने टाढै बस्नुपर्छ । राति सुत्दा बच्चा सँगसँगै सुत्नु हुँदैन । जहिले पनि बाहिरबाट आएपछि हातखुटा धुने बानी बसाल्नु पर्छ र खानाखानु भन्दा अगाडि हात धोएरमात्र मौसमी भाइरसबाट आफ्ना बच्चाहरुलाई जोगाउन सक्छौं ।

# १४ अंकले बढ्यो नेप्से



काठमाडौं । साताको अन्तिम कारोबारको दिन सेयर बजार परिसूचक (नेप्से) १४ अंकले बढेको छ । परिसूचक सामान्य अंकले बढे पनि कारोबार भने १० अर्ब नाघेको छ । बिहीबार २ करोड १६ लाख ६० हजार कित्ता सेयर खरिदबिक्री हुँदा १० अर्ब ३२ करोड ३ लाख रुपैयाँको सेयर खरिदबिक्री भएको छ ।

यो साता समग्रमा सेयर बजार १० प्रतिशतले बढेको छ । आइतबार परिसूचक २७३८ बिन्दुमा थियो । सोमबार २२ अंकले बढ्दै २७६० बिन्दुमा उक्लियो । मंगलबार र बुधबार भने बजारमा गिरावट देखियो । बुधबार बजार बन्द हुँदा परिसूचक २७३४.३८ बिन्दुमा थियो । बिहीबार परिसूचक २७४८.७९ बिन्दुमा पुगेर कारोबार रोकिएको छ ।

बिहीबार १५९ कम्पनीको सेयर मूल्य बढेको छ । ७९ कम्पनीको घट्दा ६ कम्पनीको मूल्य स्थिर रह्यो । बिहीबार गुराँस लघुवित्त, स्वाभिमान लघुवित्त, माथिल्लो हेवाखोला जलविद्युत् लगायत कम्पनीको सेयर मूल्य १० प्रतिशतले बढेको छ । कारोबार रकमका हिसाबले भने जानकी फाइनान्स लिमिटेड शीर्ष स्थानमा रह्यो । बिहीबार यसको ३५ करोड २५ लाख रुपैयाँको सेयर खरिदबिक्री भयो ।

जलविद्युत् उपसमूहको सूचक १.३४ र विकास बैंक उपसमूहको सूचक १.२१ प्रतिशतले बढेको छ । अन्य उपसमूहको वृद्धि भने १ प्रतिशत पनि पुग्न सकेन ।

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४
२०८१ कार्तिक ३०, गते शुक्रबार
Friday Nov.15, 2024
न.प.जि.प्र.का.द.न.४/०४५/०४६


**नेपालको...**

त्यस क्रममा १५ नोभेम्बरभित्र नेपालबाट बंगलादेश विद्युत् निर्यात अनुमति प्राप्त हुने आश्वासन प्राप्त भएको थियो ।

हालसम्म नेपालले भारतको बजारमा मात्रै विद्युत् निर्यात गरिरहेकोमा १७ असोजमा भएको सम्झौतापछि तेस्रो मुलुक निर्यातको बाटो खुलेको थियो ।

नेपाल विद्युत् प्राधिकरणले प्रतियुनिट करिब ८ रुपैयाँ ६४ पैसा (६.४ अमेरिकी सेन्ट) का दरले बंगलादेशलाई विद्युत् निर्यात गर्ने सम्झौतामा उल्लेख छ ।

बंगलादेश विद्युत् निर्यात गर्दा भारतको एनटीपसी विद्युत् व्यापार निगम लिमिटेड (एनभीभीएन) को प्रसारण लाइन प्रयोग गरेबापत 'ह्विलिङ चार्ज' बंगलादेशी कम्पनीले तिर्ने छ ।

नेपालबाट निर्यात हुने विद्युतका लागि भारत मुजफ्फरपुरमा मिटर राखिने र त्यसैमा बंगलादेशमा निर्यात भएको विद्युत् रेकर्ड हुने पनि सम्झौतामा छ। त्यहाँसम्मको प्राविधिक नोक्सानी भने प्राधिकरणले नै बेहोर्ने छ ।

मुजफ्फरपुरबाट बंगलादेश सीमाको प्राविधिक नोक्सानी पनि बंगलादेशी पक्षले नै तिर्ने सम्झौता छ । यसअनुसार नेपालले ६.४ सेन्टमा बेच्ने बिजुलीको भाउ बंगलादेश पुग्दा प्रतियुनिट करिब ७.६ सेन्ट पुग्ने अनुमान छ ।

भारतबाट भने बेहरमपुर (भारत)-भेडामारा (बंगलादेश) ४ सय केभी प्रसारण लाइन हुँदै बंगलादेशले विद्युत् आपूर्ति लिनेछ। हाल भारतको एनभीभीएनबाट बंगलादेशले सोही प्रसारण लाइन हुँदै विद्युत् आयात गरिरहेको छ ।

नेपालले १० हजार मेगावाट विद्युत भारत र ५ हजार मेगावाट बंगलादेशलाई निर्यात गर्ने लक्ष्य राखेको छ ।

**पशुपति...**

सम्झौतामा उक्त जग्गा कसैको निजी नहुने, जग्गामा बन्ने संरचनामा मासु र मदिरा बेच्ने पसल राख्न नपाउने, संरचना बन्द हुँदा त्यसको सम्पत्ति पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा आउने, पशुपतिको नाममा छाडिएका साँढेको धर्मशालाले संरक्षण गर्नुपर्ने उल्लेख थियो ।

वार्षिक ५१ हजार रुपैयाँ मात्रै पशुपति क्षेत्र विकास कोषलाई बुझाएको मारवाडी सेवा समितिले गौशालामा बनेको संरचनालाई व्यापारिक प्रयोजनमा उपभोग गरेर आर्थिक लाभ लिइरहेको थियो । पछि समितिले त्यहाँ अरु संरचना पनि थप्यो ।

चौतर्फी प्रश्न उठेपछि १७ साउन २०८० मा पशुपति क्षेत्र विकास कोषको सञ्चालक समितिले सम्झौता पुनरावलोकन गर्ने निर्णय गऱ्यो । कोषले पुरानो सम्झौता रद्द गरी फेरि उचित र जायज शर्तसहित १५ दिनभित्र सम्झौता गर्न आउनु भनी सूचना निकालेलगत्तै मारवाडी सेवा समिति जिल्ला अदालत काठमाडौंमा पुगेको थियो ।

मारवाडी सेवा समितिले दुई वटा दाबी गरेको थियो- सम्झौतामा मिति नतोकिएकाले आफूले असीमित समय धर्मशालाको उक्त जग्गा भोगचलन गर्न पाउनुपर्ने र पशुपतिको अमालकोट कचहरीको नाममा भएको उक्त जग्गामा पशुपति गौशाला धर्मशालासँग मोही रहेको जिकिर ।

समितिले अमालकोट कचहरीले २५ बैशाख, २०४६ सालमा आफूलाई मोही दर्ता प्रमाणपूर्जा दिएको भन्दै त्यो जग्गामा मोही हक लाग्ने दाबी गरेको थियो ।जिल्ला अदालतले मारवाडी सेवा समितिले कुनै प्रमाण पेश गर्न नसकेको भन्दै मोहीको महलमा पशुपति धर्मशाला लेखेको भरमा जग्गामा मोहीको हक कायम नहुने व्याख्या गरेको छ । कागजातमा मोहीको महल 'पशुपति गौशाला धर्मशाला' भन्ने उल्लेख भएपनि त्यो नामको कुनै संस्था अस्तित्वमा नरहेको भन्दै जिल्ला अदालतले मोहीको दाबी पुष्टि नहुने व्याख्या गरेको हो ।

पशुपति गौशाला धर्मशालाबारे २०६७ सालतिर अख्तियारले पशुपति क्षेत्र विकास कोषले पाउने लाभ बढाउनुपर्ने भनी केही निर्णय गरेको थियो । त्यो निर्णय विरुद्ध परेको विवाद विशेष अदालत हुँदै सर्वोच्च अदालतसम्म पुगेको थियो ।

२७ असार २०६८ मा सर्वोच्च अदालतले त्यो जग्गामा मारवाडी सेवा समिति मोही नभएको भनी व्याख्या गरेको थियो । त्यसलाई मारवाडी सेवा समितिले स्वीकारेको भन्दै जिल्ला अदालतले फैसलाको पूर्णपाठमा भनेको छ, 'पशुपति अमालकोट कचहरीको पूर्ण स्वामित्वलाई मारवाडी सेवा समितिले स्वीकार गरेको पुष्टि हुन आयो ।'

कतै दर्ता नै नभएको धर्मशालाको नामबाट महासचिव महावीर प्रसाद अग्रवालको नामबाट मुद्दा दायर भएको भन्दै जिल्ला अदालतले उनलाई फिराद दायर गर्ने हक समेत नभएको भनी व्याख्या समेत गरेको छ । विश्वसम्पदा सूचीमा रहेको पशुपति क्षेत्रभित्रको जग्गा उपयोग र संरक्षणको विषयमा सार्वजनिक सरोकार रहेको भन्दै जिल्ला अदालतले पूर्णपाठमा भनेको छ- 'महत्वपूर्ण स्थानको जग्गा तथा संरचनाहरूको संरक्षण गर्नुपर्ने पदाधिकारीले पूर्ण जवाफदेही एवं पारदर्शी ढंगले व्यवस्था गर्नुपर्ने हुन्छ ।'

जिल्ला अदालतले वार्षिक ५१ हजार भाडा निर्धारणमा प्रश्न उठाएको छ । उक्त जग्गाको भवन भाडामा लगाएको, तर पशुपति क्षेत्र विकास कोषलाई त्यसको आय थाहा नभएको भन्दै अदालतले फैसलामा भनेको छ, 'उक्त सम्पत्तिको उपभोग गैरनाफामूलक एवं विशुद्ध सर्वसाधारणको सेवा वा धार्मिक कार्यको लागि मात्र गरिएको भन्ने प्रष्ट आधार देखिंदैन ।'

पशुपति गौशालाको संरचनामा सुरुमा नक्सापास थिएन । पछि नक्सापास गराउनुपर्ने व्यवस्था आयो । तर मारवाडी सेवा समितिले नक्सापास नगराई संरचना थप्यो । गौशालामा १२ करोडको लागतमा ३० बेडको डाइलासिस सेवा दिइरहेको देखिएको भन्दै सर्वोच्च अदालतले त्यसलाई पशुपति क्षेत्र विकास कोषसँगको करारको शर्त भंग गरेको अर्थ लगाएको छ ।

मारवाडी सेवा समितिले करारको शर्त पालना नगरेको र त्यस्तो अवस्थामा पशुपति क्षेत्र विकास कोषले करार रद्द गर्नसक्ने भन्दै जिल्ला अदालत, काठमाडौंले भदौं २०८० मा कोषले गरेको निर्णयलाई सदर गरेको हो । फैसलामा भनिएको छ, 'पशुपति क्षेत्र विकास कोषले गरेको निर्णय बदर गरिपाउँ भन्ने दाबी पुग्न सक्दैन ।'

**तीन...**

भौतिक पूर्वाधारमन्त्री दाहालले निर्माण कम्पनीलाई पटकपटक ताकेता गर्दा पनि काम सुरु हुन नसकेको र आउँदो डिसेम्बर अन्त्यसम्ममा काम सुरु गर्ने आश्वासन प्राप्त भएको जानकारी गराएका थिए । एसियाली विकास बैंक (एडीबी) को ऋण सहयोगमा नारायणगढ-बुटवल सडकखण्ड विस्तारको कामको सम्झौता २०७५ साल चैत ८ गते भएको थियो । ११३ किलोमिटर लामो यो सडकखण्ड विस्तारको काम चाँडै सक्न भन्दै दुई खण्डमा विभाजन गरेर अलग-अलग ठेक्का लगाइएको थियो । दुवै खण्डको ठेक्का चिनियाँ कम्पनी 'चाइना स्टेट कन्स्ट्रक्सन' ले पाएको छ ।

पूर्वी खण्ड भनिने गैंडाकोट-दाउन्ने ६४.४२ किलोमिटर र पश्चिम खण्ड भनिने दाउन्ने-बुटबल ४८.५८ किलोमिटर सडक १६ अर्ब ९९ करोड ५२ लाख ९६ हजारमा ठेक्का सम्झौता भएको थियो । चाइना स्टेट कन्स्ट्रक्सनले गैंडाकोट-दाउन्ने सडकखण्डको लागत ९ अर्ब १३ करोड १८ लाख ९५ हजार र दाउन्ने-बुटवल खण्डको लागत ७ अर्ब ८६ करोड ३४ लाख रुपैयाँमा ठेक्का लिएको हो ।

सरकारले यो सडकखण्डको ठेक्काको म्याद २०७९ भदौमा पहिलोपटक, २०८० साउनमा दोस्रोपटक र २०८१ साउनमा तेस्रोपटक म्याद थप गरिएको छ । तेस्रो पटक थपिएको म्यादअनुसार २०८२ साउन ८ सम्म काम सकिसक्नुपर्ने छ तर काम भने आधा मात्र सम्पन्न भएको छ ।

# देवदहलाई पर्यटनसँग जोडेर लान आवश्यक : विश्वकर्मा




देवदह । समृद्ध समाज निर्माण गर्ने गरी सञ्चारकर्मीहरुले कलम चलाउनु पर्ने प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्माले बताएका छन् । उनले सकरात्मक सोचका साथ लाग्न सकेमात्र समृद्ध समाज निर्माण गर्न सकिनेमा जोड दिए ।

देवदह प्रेस क्लबको तेश्रो वार्षिक साधारण सभालाई सम्बोधन गर्दै पूर्वमन्त्री समेत रहेका सांसद विश्वकर्माले सरकारले अगाडि सारेको योजना समयमा कार्यान्वयन गर्नको लागि सञ्चारकर्मीले भूमिका खेल्नु पर्नेमा जोड दिए । उनले देवदहलाई पर्यटनसंग जोडेर लान आवश्यक रहेको बताउँदै देवदहलाई पर्यटकीय हवको रुपमा विकास गर्न सञ्चारकर्मीहरुले कलम चलाउन आवश्यक रहेको औंल्याए । उनले उत्पादन वृद्धिले मात्र आर्थिक विकास गर्न सकिने बताउँदै स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न सञ्चारकर्मीहरु लाग्नु पर्नेमा जोड दिए। उनले विकास र शुसासनको पक्षमा कलम चलाउनु पर्ने बताउँदै नागरिकलाई सकरात्मक सन्देश प्रवाह गर्ने गरी अगाडि बढ्नु पर्ने बताए ।

सांसद विश्वकर्माले बुटवल-नारायणगढ सडक निर्माण राज्यको गौरवको योजना रहेको बताउँदै समयमा काम सम्पन्न गर्ने गरी सरकारले लागिरहेको दाबी गरे । उनले ठेकेदारको लापर्बाहीका कारण बुटवल-नारायणगढ सडक निर्माण समयमा निर्माण हुन नसकेको बताउँदै ठेकेदारसंगै सरकारलाई सचेत गराउने काम गरिरहेको बताए । उनले वर्तमान सरकार बनेसँगै देशको अर्थतन्त्र केही सुधार भएको दाबी गर्दै जनताको आधारभूत आवश्यकता पुरा गर्ने गरी सरकार लागिरहेको बताए । उनले अव्यवस्थित बसोबास तथा सुकुम्बासी समस्या समाधान गर्न पहिलो प्राथमिकतामा राखेर अगाडि बढ्न सरकारलाई सुझाव दिएको बताए । सांसद विश्वकर्माले देवदह प्रेस क्लबले अगाडि सारेको योजना कार्यान्वयन गर्न आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सोही अवसरमा बोल्दै संविधानसभा सदस्य नेत्र पन्थीले उत्पादन वृद्धिले मात्र स्वरोजगारसंगै आर्थिक विकास गर्न सकिने बताए । उनले देवदह पर्यटकीय क्षेत्र रहेकोले देवदहमा आउने पर्यटकलाई बेच्न सक्ने गरी स्थानीय पहिचानको उत्पादन गर्न आवश्यक रहेको औंल्याए । उनले आयातभन्दा निर्यात बढाउने गरी उत्पादन वृद्धि गर्न आवश्यक रहेको बताउँदै त्यसकोलागि सञ्चारकर्मीहरुले कमल चलाउन आवश्यक रहेको बताए । देवदह प्रेस क्लबका अध्यक्ष विष्णुप्रसाद पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा नगर प्रवक्ता गणेश डुम्रे, देवदह-६, का वडाअध्यक्ष खेमबहादुर थापा, सामुदायिक वन उपभोक्ता महासंघका रामचन्द्र पाध्य, सहकारी सञ्जाल देवदहका अध्यक्ष जागेश्वर पंगेनी, ईप्सा रुपन्देहीका अध्यक्ष रामबहादुर गुरुङ्ग, उद्योग वाणिज्य संघ देवदहका अध्यक्ष हरि भण्डारी, पत्रकार महासंघ रुपन्देहीका सदस्य टंक सुनारलगायतले आ-आफ्ना भनाइ राखेका थिए । सोही अवसरमा देवदह प्रेस क्लबले प्रदान गर्दै आइरहेको क्रियाशिल पत्रकारीता पुरस्कारबाट रेडियो देवदहका समाचार प्रमुख गोविन्द घर्तीलाई प्रदान गरिएको छ ।

विगत दुई दशकदेखि देवदहलाई कार्यक्षेत्र बनाएर पत्रकारिताको माध्यमबाट समाज रुपान्तरणमा लागेको भन्दै क्रियाशिल पत्रकारिता-२०८१ बाट १० हजार नगदसहित पत्रकार घर्तीलाई उक्त पुरस्कार प्रदान गरिएको क्लबले जनाएको छ । क्लबका उपाध्यक्ष कमला अर्यालको स्वागत र सचिव निर्मल थापाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको हो ।

दर्ता नं. २०६७/२०६८ ६९० (२४३०) फोन नं. ०७१-५७२६४४

( नेपाल सहकारी ऐन २०४८ अन्तर्गत स्वीकृत प्राप्त)

**श्री अविरल बचत तथा ऋण सहकारी संस्था लि.**

सिद्धार्थनगर न.पा.-७, भृकुटी पथ, भैरहवा, रुपन्देही

## धितोमा रहेको जग्गा लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/२२ गते मंगलबार**
**दोस्रो पटक प्रकाशित मिति : २०८१।०७।३० शुक्रबार**

रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ७ भैरहवा स्थित अविरल बचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलका ऋणीहरुले लिएको कर्जा रकमको साँवा, सो को व्याज र हर्जना समेत नतिरी संस्थाले पटक पटक ऋण तिर्न मौखिक तथा लिखित जानकारी/अनुरोध गर्दा समेत तिर्नुपर्ने रकम नतिरेकाले निज ऋणीको नाममा मिति २०८१/०४/१० को दैनिक लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५ दिने सूचना प्रकाशन गरिएको, सो गर्दा समेत कर्जा नतिरी बेवास्ता आलटाल गरेकोले निज ऋणीले कर्जा लिंदाका बखत यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको धितोको जग्गा लिलाम बिक्री गरी लेना रकम असुल उपर गरिने भएकोले सिद्धार्थनगर नगरपालिका सहकारी ऐन, २०७४ (प्रथम संशोधन), २०८१ को दफा ५८ (१) तथा ऐ को सहकारी नियमावली २०७८ को दफा २५ (१) एवं संस्थाको कर्जा लगानी तथा असुली कार्यविधि - २०८१ बमोजिम लिलाम बढाबढका लागि यो सुचना प्रकाशन गरिएको छ ।

| क्र. सं | ऋणीको नाम थर | ऋणीको फोटो | धन जमानीको नाम थर | धितोको विवरण |
|---|---|---|---|---|
| १ | नाम : मिस्री लाल धोवी<br>बाबु : श्याम लाल धोवी<br>बाजे : घिसियावन<br>स्थायी ठेगाना : सिद्धार्थनगर न.पा.७,रुपन्देही<br>ना.प्र. नं. २३२५,रुपन्देही<br>जारी मिति : २०३३/११/१९ |  | नाम : बिमला धोवी<br>श्रीमान : मिस्री लाल धोवी<br>ससुरा : श्याम लाल धोवी<br>स्थायी ठेगाना :सिद्धार्थनगर न.पा.७,रुपन्देही<br>ना.प्र. नं. २८७,रुपन्देही<br>जारी मिति :२०४६/०३/०७ | ठेगाना : सिद्धार्थनगर न.पा. १३,रुपन्देही<br>किता नं. २२५<br>क्षेत्रफल :७४ वर्ग मि.<br>सिट : १०४०२३८१२<br>पंचकृत कायम मूल्यः<br>रु १६,५९,६३९।- अक्षरमाः सोह्र लाख (उनान्साठी हजार छ सय उनान्चालिस रुपैयाँ मात्र ।) |
| २ | नाम : ओसि उल्लाह मुसलमान<br>बाबु : इनातुल्ला मु.<br>बाजे : अलिजान<br>स्थायी ठेगाना : सिद्धार्थनगर न.पा.६,रुपन्देही<br>ना.प्र. नं. १/१२/६८९४३, कपिलबस्तु<br>जारी मिति : २०६२/११/१६ |  | नाम : आमिना खातुन<br>श्रीमान : ओसि उल्लाह मुसलमान<br>ससुरा : इनातुल्ला मु.<br>स्थायी ठेगाना :सिद्धार्थनगर न.पा.६,रुपन्देही<br>ना.प्र. नं. ३८-०१-७०-१९४८, कपिलबस्तु<br>जारी मिति :२०७०/१२/२६ | ठेगाना : सिद्धार्थनगर न.पा. ६,रुपन्देही<br>किता नं. ४९<br>क्षेत्रफल :६६.०७ वर्ग मि.<br>सिट : १०४०२३७०८<br>पंचकृत कायम मूल्यः<br>रु १०,४७,३८४।- (अक्षरमाः दश लाख सड्चालिस हजार तीन सय चौरासी रुपैयाँ मात्र । ) |

सर्तहरु :

- लिलाम बिक्री यो सूचना प्रकाशित मितिले ३६ औं दिनमा र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट यस अबिरल बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा.७, भृकुटीपथमा विहान ११:०० बजे देखि ४:०० बजेसम्म लिलाम बोलकबोल गर्न सकिने छ ।
- लिलाम बढाबढको बोलकबोल गरेको अंकको १० प्रतिशत रकम धरौटी स्वरुप तत्कालै दाखिला गर्नुपर्ने छ। बाँकी रकम लिलाम भएको मितिले १५ दिन भित्र दाखिला गर्नुपर्ने छ। १५ दिन भित्र बाँकी रकम दाखिल नगरेमा लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः लिलाम बढाबढको सूचना प्रकाशित गरिनेछ। धितोमा रहेको जग्गा नामसारी गरी लिदा लाग्ने सम्पूर्ण रजिस्ट्रेशन र लाभकर लिलाम सकार गर्नेले भुक्तानी गर्नुपर्नेछ।
- शर्त सहितको लिलाम बढाबढ मान्य हुनेछैन ।
- लिलाम बढाबढ हुँदा सबैभन्दा बढी रकम बोलकबोल गर्नेलाई सकार गराईनेछ तर लिलाम स्विकार गर्ने नगर्ने अधिकार संस्थामा निहीत रहनेछ।
- यस सम्बन्धमा थप बुझ्नुपर्ने भए अबिरल बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा.७, भृकुटीपथ मा सम्पर्क राख्नुहोला ।

**अन्य थप जानकारी : ०७१-५७२६४४**

**कावासोती नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

## विज्ञापन करको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी १५ दिने सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१५**
**दोस्रो पटक प्रकाशित मिति :२०८१/०७/३०**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ५ को उपदफा १ (घ) बमोजिम यस नगरपालिकाको आ.व.२०८१/०८२ र आ.व. २०८२/०८३ को लागि विज्ञापन कर उठाउने कार्यको बोलपत्रका माध्ययमद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सहभागी हुन ईच्छुक फर्मबाट बोलपत्र आह्वान गरिन्छ ।

**विवरण**

| क्र. सं. | आय ठेक्का नं. | करको विवरण | न्यूनतम अंक | बोलपत्र जमानत | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/२०८१ /०८२ | आ.व.२०८१/०८२ र ०८२/०८३ को लागि विज्ञापन कर उठाउने कार्य | मू.अ. कर र अग्रिम आयकर बाहेक प्रति वर्ष रु.६,००,०००/- | मू.अ.कर सहितको कबोल अंकको ५% ले हुने रकम वा सो बराबरको बैंक जमानत | रु.१,०००/- |

**ठेक्का सम्बन्धी शर्तहरुः**

१. बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १५ दिनसम्म कार्यालय समय भित्र रु.१,०००/- (फिर्ता नहुने गरि) तिरि खरिद गर्न सकिनेछ । यसका लागि फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाणपत्र आ.व. २०७९/०८० को कर चुक्ताको म्याद थप वा आ.व. २०८०/०८१ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनुपर्नेछ ।
२. बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२ बजे सम्म यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ। सोही दिनको २:०० बजे बोलपत्र खोलिनेछ।
३. बोलपत्रसाथ आँफुले कबोल गरेको मू.अ.कर सहितको अंकको ५% ले हुने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक कावासोती शाखामा रहेको ग-३ धरौटी खाता नं. ३२००१००३०३००००३ मा जम्मा गरेको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ।
४. बोलपत्र सदर भएपछि बोलपत्र दाताले ठेक्का सम्झौताका बखत सम्पूर्ण रकम एकमुष्ठ रुपमा बुझाउनु पर्नेछ। आन्तरिक राजस्व कार्यालयमा १३% ले हुने मू.अ.कर बापतको रकम र मु.अ.कर बाहेकको रकमको १.५% ले हुने अग्रिम आयकर बापतको रकम आन्तरिक राजस्व कार्यालयको खातामा दाखिला गरेको भौचर पेश गर्नु पर्नेछ।
५. ठेक्का अवधि आ.व.२०८१/०८२ र आ.व.२०८२/०८३ को लागि मात्र हुनेछ। सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले बीचैमा ठेक्का तोड्न पनि सक्नेछ।
६. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ।
७. तिनै तहको सरकारले प्रतिबन्ध लगाएको तथा आम नागरिकलाई प्रतिकूल असर पार्ने खालका होर्डिङ्ग बोर्ड राख्न पाइने छैन । स्वदेशी उत्पादनलाई बढावा दिने खालका विज्ञापनका बोर्डहरुलाई प्राथमिकता दिनुपर्नेछ।
८. तिनै तहका सरकारद्वारा जारी गरिएका जनचेतनामूलक होर्डिङ्ग बोर्डबाट कर संकलन गर्न पाइने छैन।
९. सार्वजनिक लगायत निजी स्थानमा राखिएका होर्डिङ्ग बोर्ड, वाल पेण्टिङ्ग, फ्ल्यास व्यानर आदि जस्ता व्यवसायिक विज्ञापनहरुको मात्र विज्ञापन कर उठाउन पाइनेछ।
१०. अन्य जानकारीको लागि कार्यालय समयभित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।
११. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# चीन भ्रमण सकेर लुम्बिनीका मुख्यमन्त्री स्वदेश फिर्ता

**लुम्बिनी संवाददाता**

*दाङ*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री स्वदेश फर्किएका छन् । चीनको सिचुआन प्रदेश सरकारले आयोजना गरेको अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिएर मुख्यमन्त्री बिहीबार स्वदेश फर्किएका हुन् । कार्तिक २६ गते सोमबार त्यसतर्फ गएका थिए । सिचुआन प्रदेशका वैदेशिक विभागका उपमहानिर्देशक पाङ्वाङ ल्याङले तियान्फु विमानस्थल पुगेर मुख्यमन्त्री आचार्यसहितको प्रतिनिधि मण्डलको बिदाई गरेका थिए । स्वदेश फर्किएका मुख्यमन्त्री आचार्यले सम्मेलनमार्फत् लुम्बिनी प्रदेशको समृद्धि र विकासका एजेण्डाहरु स्थापित गर्न सफल भएको बताएका छन् । 'सम्मेलनमार्फत् लुम्बिनी प्रदेशको विकासको एजेण्डा र भावी योजनाको बारेमा ध्यानाकर्षण गराउन सफल भयौं,' उनले भने-'लुम्बिनीमा हुने लगानी सम्मेलनको वातावरण निर्माणदेखि विदेशी लगानीकर्ताहरुलाई आकर्षित गर्ने सवालमा यो भ्रमण ऐतिहाँसिक रह्यो ।'

सिचुआन प्रदेश र लुम्बिनी प्रदेशको बिचमा भएको मितेरी सम्बन्ध पुर्नताजगि भएको, भ्रमणले लुम्बिनीमा लगानी भित्र्याउन वातावरण निर्माण गर्न सफल भएको, नवीन पर्यटनमैत्री योजना र पूर्वाधार निर्माण तथा सिचुआनको देयाङ नगरसँग लुम्बिनीका नगरपालिकाहरुको मितेरी सम्वन्ध स्थापना गर्ने बारेमा योजना बनाउन सफल भएको भ्रमण दलमा सहभागी मुख्यमन्त्रीका स्वकीय सचिव कुशल भुसालले जानकारी दिए । सम्मेलनमार्फत् मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रदेशभित्र सिचुवान प्रान्तलगायत कुनैपनि प्रान्तबाट इच्छुक लगानीकर्ताको लगानी भित्र्याउन र लगानी सुरक्षित गर्न आवश्यक सहयोग गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको धारणा सार्वजनिक गरेका थिए ।

उनले नवलपरासी पश्चिम र कपिलवस्तु जिल्लालाई बुद्ध सर्किटसँग जोड्ने योजनालाई कार्यान्वयनमा ल्याउन मोनोरेल सञ्चालनबारे अध्ययनका लागि विदेशी लगानीकर्ता समक्ष योजना अघि सारेका थिए । प्रदेश राजधानी शहर निर्माण आयोजना, भगवान गौतमबुद्धको जन्मस्थल लुम्बिनी र प्रदेश राजधानी शहर राप्ती देउखुरी जोड्न आवश्यक पर्ने सुरुङमार्ग निर्माण, बुद्ध सर्किटमा पर्ने विभिन्न स्थलमा पर्यटन भौतिक पूर्वाधार निर्माण र मोनोरेल, लुम्बिनी प्राविधिक विश्वविद्यालयका लागि चिनिया प्राविधिक विश्वविद्यालयको आवस्यक सहयोग, चिनिया विधायन पद्धति र सिकाइका आधारमा लुम्बिनी प्रदेश सभाका सभासदहरुको क्षमता अभिवृद्धिका लागि आवस्यक सहयोग, कृषक, पशुपालकहरुको लागि क्षमता अभिवृद्धि उत्पादित बस्तुबजारीकरण तथा जडीबुटी उत्पादकहरुको लागि क्षमता विकासमा सहयोग तथा बजारीकरणमा सहयोग, पर्यटनस्थल व्यवस्थापन र पथप्रर्दशन सम्बन्धी विशिष्ट तालिम एवं भाषा प्रशिक्षणको विषयमा ध्यानाकर्षण गराइएको थियो ।

सम्मेलनमा मुख्यमन्त्री आचार्यसहित आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्की, प्रमुख सचिव महादेव पन्थ, मुख्यमन्त्रीका जनसम्पर्क सल्लाहकार डा. रामबहादुर राउत,स्वकीय सचिव कुशल भुसाल, विज्ञ सल्लाहकार डा. सागर न्यौपाने र मुख्यमन्त्रीकी श्रीमती दीपा आचार्य सहभागी रहेका थिए । वि.सं. २०७६ सालमा प्रदेश सरकार र सिचुआन प्रान्त बिच भगेनी सम्बन्ध कायम गरिएको थियो । तत्कालीन मुख्यमन्त्री शंकर पोखेलले सिचुआन प्रान्त बिच भगेनी सम्बन्ध कायम गरेका थिए । कृषि, उद्योग, पर्यटनलगायतका क्षेत्रमा लुम्बिनी प्रदेश सरकार र सिचुआन प्रान्तबिच सहयोग आदानप्रदान गर्ने समझदारी भएको थियो ।

# रेडियो परासीको स्लो मोटरसाइकल रेसमा धर्मेन्द्र प्रथम




परासी । ट्राफिक सचेतनाका लागि पश्चिम नवलपरासीको पहिलो रेडियो, सामुदायिक रेडियो परासीले सुनवल १३ बडेरामा 'बजाज स्लो मोटरसाईकल रेश' प्रतियोगिताको सम्पन्न गरेको छ ।

प्रतियोगितामा सुनवल १३ बडेरा निवासी धर्मेन्द्र चौधरी विजयी भएका हुन् । प्रतियोगितामा सरावल–१ बासाका जोगेन्द्रप्रसाद चौधरी द्वतीय भएका छन् भने रामग्राम ५ परासीका सञ्जु थापाले तेस्रो स्थान हासिल गरेका हुन् । कुल ८० जनाले भाग लिएको प्रतियोगितामा ८ चरणमा प्रतिस्पर्धा भएको थियो । जसमध्ये अन्तिम चरणमा पुग्ने ८ जनाबिच प्रतिस्पर्धा भएको थियो । प्रतियोगितामा प्रथम दृतिय र तृतीय हुनेलाई क्रमशः १०, ७ र ४ हजार नगदसहित प्रमाण पत्र प्रदान गरिएको कार्यक्रम संयोजक तथा रेडियोका स्टेशन म्यानेजर विकास अधिकारीले जानकारी दिए ।

स्लो ड्राईभ लंग लाईभ भन्ने मुख्य नाराका साथ आयोजित प्रतियोगिताको समापन कार्यक्रमलाई सम्बोधन गर्दे प्रमुख अतिथि लुम्बिनी प्रदेश सरकारका पूर्वमन्त्री तथा प्रदेशसभा सदस्य खड्ग बस्नेले यस्ता प्रतियोगिता सचेतना फैलाउन निकै सहयोगी हुने भन्दै रेडियोले महत्वपूर्ण काम गरेको धारणा व्यक्त गरे । उनले देशका सातै प्रदेश मध्ये सवारी दुर्घटनाबाट धेरै मृत्यु हुनेमा लुम्बिनी प्रदेश तेस्रो नम्बरमा रहेको बताउँदै दुर्घटना न्यूनीकरणमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने बताए ।

प्रमुख जिल्ला अधिकारी स्कीम श्रेष्ठले सवारी दुर्घटना वृद्धि हुने क्रममा रहेको बताउँदै सवारी साधनको चापसँगै ट्राफिक नियमको पालनमा ध्यान दिनुपर्ने जनाए । सामुदायिक रेडियो परासीका संस्थापक अध्यक्ष सुमनगोपाल आचार्यले रेडियोले विगतदेखि नै यस्ता विभिन्न कार्यक्रम मात्र समाजमा स्टुडियोबाट पनि योगदान पुऱ्याउँदै आएको चर्चा गरे । रेडियोका अध्यक्ष राजकुमार रेश्मिले सवारी दुर्घटनाका कारण समाजमा निकै दर्दनाक घटनाहरु हुँदै आएको उल्लेख गर्दै सबै सचेत बन्नुपर्नेमा जोड दिए ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयले प्रतियोगिता सञ्चालनमा सहयोग गरेको थियो । सो क्रममा हुलास अटोक्राफ्टले पल्सर १५० सिसिको मोटरसाइकलको टेष्ट राईडको सुविधा पनि दिएको थियो । प्रतियोगितमा युवादेखि प्रौढ र महिलाहरु समेत सहभागी भएका थिए । सहभागीले प्रतियोगिताबाट मनोरञ्जन लिनुका साथै सचेतना अभियानमा समेत सहयोग पुगेकाले संस्थाले यस्ता कार्यक्रमलाई निरन्तरता दिने सोंच बनाएको रेडियोका कोषाध्यक्ष चन्द्रमणी चौधरीले बताए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

रूपन्देही सुपरलिगः

## प्रोफेसनल मास्टर्स ३९ रनले विजयी

भैरहवा । प्रोफेसनल मास्टर्स-११ क्लब भैरहवामा जारी 'रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगिता' अन्तर्गत डिभिजन 'बी'को बिहीबारको खेलमा विजयी भएको छ । उसले बुद्ध क्रिकेट क्लबलाई ३९ रनले पराजित गर्दै जित निकालेको हो ।

यहाँस्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको प्रोफेसनलले निर्धारित ५० ओभरको खेलमा ४३ ओभर २ बल खेल्दै सबै विकेट गुमाएर २ सय १ रनको बलियो योगफल बनायो । उसका लागि मोहम्मद हुसेनले ५४ रनको अर्धशतकीय पारी खेले । यस्तै, ड्रूस सुनारले ४४, इमरान खानले २३, आदित्य त्रिपाठीले १६, अजय रसाइलीले १५ र विष्णु कटरियाले १४ रन जोडे । बलिङमा बुद्धका अजित यादव र अनुज चौहानले ३-३ तथा सुरज गुरुङले २ र प्रवेज अन्सारीले १ विकेट लिए ।

२ सय २ रनको लक्ष्यसहित ब्याटिङमा आएको बुद्ध ४४ ओभर २ बलमा सबै विकेट गुमाएर १ सय ६२ रनमै समेटियो । उसका लागि अजित यादवले ३०, प्रवेज अन्सारीले २५, अजुन चौहानले २२ र सुरज गुरुङ र सुरज पौडेलले समान १८ रन बनाए पनि जितका लागि पर्याप्त भएन । बलिङमा प्रोफेसनलका कृष्ण पराजुली, मोहम्मद हुसेन र तुसार चौहानले समान ३-३ तथा श्याम उपाध्यायले १ विकेट हात पारे । खेलमा प्रोफेसनलका मोहम्मद हुसेन प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

सुपरलिगमा रुपन्देहीका 'ए' डिभिजनका ८ र 'बी' डिभिजनका १२ गरी २० टिम सहभागी छन् । यसपटक नेपाल सुपरलिगका कारण दुईचरणमा सुपरलिग हुनेछ । पहिलो चरणमा मंसिर १२ गतेसम्म 'बी' डिभिजनका खेलहरु हुनेछन् भने 'ए' डिभिजनका खेलहरु नेपाल सुपरलिग पछि आयोजना हुनेछ ।

**Lumbini Province Government**
**Ministry of social Development**
**Social Development Division office, Rupandehi**
**Lumbini Province Bhirawa Rupandehi Nepal**

## Invitation for E-Bids

Date:2081/07/30

Social Development Division office Invite electronic bids from Eligibles bidders for the following project under Nepal competition bidding single stage procedure all other information and bid document can be downloaded from PPMOS website. All www.bolpatra.gov.np/egp.forn more information call on 9851318187

| Contract. No. | Brief description of work | Estimated cost(with vat and PS)(Rs) | Bid security (Rs) | Cost of Bid Document (RS) |
|---|---|---|---|---|
| SDDO/NCB -09/081/082 | Construction of building Mahakabi Devkota Campus, Sunwal-4, Nawalparasi. | 2436810.98 | 62500.00 | 3000.00 |
| SDDO/SQ -20/081/82 | Construction of shree Ramawapur Secondary school, Sunwal-4, Nawalparasi (Ba.Su.Pa) | 1948828.83 | 50000.00 | 1000.00 |
| SDDO/SQ -21/081/82 | Costruction of incomplet building of Parrhowa Multipal campus, Sainamaina-4, Rupadehi | 1461388.74 | 37500.00 | 1000.00 |
| SDDO/SQ -22/081/082 | Cosntruction of incomplete building of Devdha school building, Devdaha-7, Ruapandehi | 974299.11 | 25000.00 | 1000.00 |

| For bid document fee | For bid security |
|---|---|
| Name of the bank:- Rastriya Banijay bank Butwal<br>Name of the office:- Social Development office Rupandehi<br>Account Name:-Pradesh Lekhaikai Karyalaya Butwal<br>Accoun number:-1000100200010000 | Name of the bank:- Rastriya Banijay bank Butwal<br>Name of the office:- Social Development office Rupandehi<br>Account Name:-Pradesh Lekhaikai Karyalaya Butwal<br>Accoun number:-3120100202030000 |

Bid Submisson of Dead line for NCB before 2081/09/01 BS (2024/12/06AD ) 12:00PM & Bid opening date 2081/09/01 Bs(2024/12/16AD)1:00PM

Bid Submisson of Dead line for SQ before 2081/08/16 Bs (2024/11/1 AD)12:00PM& Bid opening date 2081/08/16 BS(2024/11/01AD)1:00PM

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

यस कार्यालयबाट मिति २०२०८१।५।२४ गते बुटवल टुडे राष्ट्रिय दैनिकमा प्रकासित राष्ट्रिय स्तरको बोलपत्र दरभाउपत्रको सूचना अनुसार बोलपत्रको सूचना अनुसार तोकिएको मिति भित्र बिद्युतिय प्रणालीमा दाखिला भएका बोलपत्रहरु मध्ये बोलपत्र मुल्याकन समितिबाट मुल्यांकन गरि न्यूनतम मुल्यांकित बोलपत्र दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही भएको हुदा यस कार्यालयको निर्णय अनुसार बिद्युतिय खरिद प्रणाली संचालन निर्देशिका २०८० को ३४ (१) र सार्वजनिक खरिद ऐन २०६३ संशोधन सहितको दफा २७ (१) अनुसार तपसिलका सिलबन्दी दरभाउपत्रदाताहरु सारभूत रुपमा प्रभाव ग्राही न्यूनतम मुल्यांकित सिलबन्दी दरभाउपत्रदाताको रुपमा छनौट भएको हुदा सोही ऐनको दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्र दरभाउपत्रदाताको नाम | मु.अ.कर.र.पि.एस. बाहेक बोल रकम रु |
|---|---|---|---|---|
| | SDDO/NCB–04 /081/82 | फर्साटिकर मा.वि. शुद्धोधन ४ मा भवन निर्माण | आयान्शा विल्डर्स एण्ड सप्लायर्स टोखा ९ | १६३१३०९।१० |

**निमित्त कार्यालय प्रमुख**

## श्री चण्डेश्वरी माध्यमिक विद्यालय

**कावासोती नगरपालीका १४, मोढार, नवलपरासी (ब.सु.पू.)**

## क्याटलक सपिंग विधिवाट विद्यालय बस खरिद सम्वन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०८१/०७/३०)

उपरोक्त सम्बन्धमा कावासोती नगरपालिकाको च.नं. १२०७ मिति २०८१।०७७२६ गतेको अनुमति पत्र र यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०७५७२६ गतेको निर्णय अनुसार विद्यालयका लागि आवश्यक सवारी साधन (स्कुल बस) सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ उपदफा १ को खण्ड (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) वमोजिम विद्यालय वस उत्पादन वा वितरण गर्ने उत्पादक वा त्यसको आधिकारिक विक्रेताहरुविच मात्र प्रतिस्पर्दा गराउने क्याटलक सपिंग विधिबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम (२) अनुसार देहाय बमोजिमको विद्यालय बस बिक्री गर्न चाहने उत्पादन वा वितरण गर्ने उत्पादक वा त्यसको आधिकारिक विक्रेताहरूले आ-आफ्नो उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलक वा ब्राउसर) र विक्रेताको आधिकारिक अनुमति पत्र सहित, निवेदन दर्ता प्रमाण-पत्र, आवश्यक समयसम्मको कर चुक्ता, नविकरण भएका प्रमाण-पत्रको प्रतिलिपीहरु संग्लन राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस विद्यालयमा शिलवन्दी प्रस्ताव दर्ता गराउनको लागि सम्वन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ । साथै विद्यालय बसको स्पेशिफिकेशन सहितको थप जानकारी आवश्यक परेमा विद्यालयको मोवाईल नं. ९८४७२३९९६६, ९८४१७०६७८१, ९८४७०९६१०० मा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

**Technical Specification of Vehicle 36+D seater (School Bus)**

| S. N. | Criteria | Requirement | Offered Specification |
|---|---|---|---|
| 1 | General | Right Hand Drive Model Bus with 2*2 Seating Layout Suitable For driving in Nepal at an altitude up to 2500 meter and in ambient temperature–5 to 50 Degree Centigrade. Wheelbase should be min 4000 mm. & Seating capacity for at least 36 persons including Equipment make on 2024. | |
| 2 | Engine | Diesel engine, 4 cylinder, Maximum rated Power output is not less than 110 HP at governed RPM with torque min 380 NM @governed RPM, engine fully equipped with accessories for efficient full load operation of the vehicle at operating conditions, cold starting device heavy duty fuel filter. | |
| 3 | Emission Standard | "Vehicle Mass Emission Standard" -of the vehicle should be capable of meeting applicable Nepal vehicle mass emission standard 2069 which must be certified by department of transport management Nepal | |
| 4 | Gauges | To include speedometer, odometer, temperature, fuel gauges | |
| 5 | Transmission | Manual shift at least five forward and 1 reverse | |
| 6 | Suspension | Semi Elliptical Laminated Leaf Spring or equivalent at front & Rear | |
| 7 | Clutch | Dry Single Plate | |
| 8 | Tyres | Standard | |
| 9 | Steering | Power assisted or equivalent | |
| 10 | Seat layout | 2*2 | |
| 11 | Min. Fuel tank capacity | 150 Ltrs. | |
| 12 | Brakes | Dual circuit Full air S-cam brake with ABS | |
| 13 | Body/Cab | All metallic/FRP cab with insulated roof, front wipers, glass windows on doors, through ventilation, comfortable seats. Floor mats, rear view mirror and two side view mirrors. | |
| 14 | Chassis and frame | Steel, heavy duty suitable for rough road conditions. | |
| 15 | Essential accessories | a. Head Light, tail and rear light, reversing light, turn signals.<br>b. Cabin Light. c. Speedometer/odometer<br>d. One Spare Wheel with tyre and tube.<br>e. Suitable Jack and Handle f. Seat belt for driver | |
| 16 | Instructions | All signs and Instructions in the Vehicle is in English. | |
| 17 | Manuals | One Copy of the Operator's and Owner's instructions and maintenance manual in English will be supplied with the vehicle. | |
| 18 | Tools | A Set of tools as required for general maintenance will be supplied with in a lockable toolbox. | |
| 19 | Colour | Standard Color | |
| 20 | Warranty | Manufacturer shall provide minimum one year warranty after acceptance | |
| 21 | Delivery | I unit School Bus, shall be delivered to: Shree Chandeshwari Secondary School, Kawasoti-15, Godar, Nawaparasi (East). | |

प्रधानाध्यापक
श्री लक्ष्मी न्यौपाने

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com